का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ५४
❒ २३ चैत्र २०७६, आइतबार
❒ 5 April 2020, Sunay
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह


Madhyanha National Daily

राष्ट्रिय दैनिक




# नेपालमा 'लोकल ट्रान्समिसन'

**नेपालमा शनिबार थप तीन जनामा कोरोना भाइरस (कोभिड १९) संक्रमण भेटिएको पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना संक्रमितको संख्या ९ पुगेको छ । शनिबार भेटिएका संक्रमितमध्ये एक जनालाई भने यसअघि भेटिएका संक्रमितबाट संक्रमण सरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत

नेपालमा पहिलो पटक स्थानीय मानिसमा कोरोना भाइरस (कोभिड १९) संक्रमण देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देबकोटाले विदेशबाट आएका नेपालीबाट स्थानीयमा संक्रमण सरेको यो पहिलो घटना भएको बताए ।

'पछिल्लोपटक कोरोना संक्रमण भएकी महिला धनगढीका ३४ वर्षका चौथो कोरोना संक्रमितकी भाउजू नाता पर्ने हुन्,' शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'ती महिलाको नमुना संकलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा कोरोना परीक्षण गरिएको थियो। जसमा शनिबारको रिर्पोटमा कोरोना पोजेटिभ देखिएको हो ।'

'पहिलो चरणमा हाम्रोमा विदेशबाट आएका मानिसमा मात्र देखिँदै आएको थियो तर आज विदेश नगएका स्थानीयमा देखिएको छ,' उनले भने, 'यो 'लोकल ट्रान्समिसन' भएको छ। यसले नेपाल कोरोना संक्रमण जोखिमको दोस्रो चरणमा प्रवेश गरेको मान्नुपर्छ । यसरी नेपालमै रहेका मानिसमा कोराना देखिँदा सो स्थानलाई उच्च सर्तकता अपनाउनुपर्छ ।'

स्थानीयमा संक्रमण देखिएको स्थानलाई केन्द्रविन्दुका रूपमा राखेर सतर्कता अपनाउने उनले जानकारी दिए । सुदूरपश्चिम प्रदेशको सेती अञ्चल प्रादेशिक अस्पताललगायत अन्य स्थानीय अस्पतालमा उच्च सतर्कता गराउने लगायतका काम गरिसकेको समेत डा. देबकोटाले बताए । 'सेती प्रादेशिक अस्पताललाई डेलिकेटेट अस्पताल समेत तोकिएको छ,' उनले भने, 'अहिले ती कोरोना संक्रमित पुरुषको एक जना परिवार सदस्यमा बाहेक अन्यको कोरोना परीक्षण रिर्पोट नेगेटिभ आएको छ। तर अहिले हामीले उहाँहरूलाई क्वारेन्टाइनमा राखेका छौं, पुनः १४ दिनसम्म परिवारको कोरोना परीक्षण गर्छौं ।'

ती पुरुष गत चैत ७ दुवइबाट भारतको दिल्ली हुँदै नेपाल आएका थिए। उनको कोरोना भएको रिर्पोट मन्त्रालयले चैत १४ गते सार्वजनिक गरेको थियो। उनको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । उनकी भाउजूको पनि सोही अस्पतालमा उपचार भइरहेको डा. कार्कीले बताए ।

त्यसैगरी, शनिबार नै मुम्बईबाट फर्किएका कैलालीका एक जना २१ वर्षीय पुरुष, उत्तराखण्डबाट फर्किएका कञ्चनपुरका ४१ वर्षीय पुरुष र यसअघि कैलालीमा उपचाररत कोरोना संक्रमितका आफन्तमा कोरोना बाँकी पृष्ठ २ मा

## संक्रमित सबैको स्वास्थ्य सामान्य

**काठमाडौं/मस-** नेपालमा हालसम्म ९ जनामा कोरोना भाइरस (कोभिड १९) संक्रमण भेटिएको छ । तीमध्ये एक जना उपचारपछि निको भएर घर फर्किसकेका छन्। अन्य आठ जनाको उपचार भइरहेको र उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका प्रवक्ता डा.देवकोटालले शनिबार आयोजित पत्रकार सम्मेलनमा सो जानकारी जानकारी दिएका हुन् । 'अस्पतालमा उपचाररत आठै जना कोरोना संक्रमितको स्वास्थ्य अवस्था सामान्य छ,' उनले भने, 'काठमाडौंको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा २ जना, २ जना बाग्लुङग धवलागिरि अञ्चल अस्पताल र ४ जनाको सेती प्रादेशिक अस्पतालको आइसोलेसनमा उपचार भइरहेको छ ।'

देशैभरका अस्पतालहरुमा शनिवार ६९ जना कोरोनाको आशंकामा आइसोलेसनमा उपचार भइरहेको उनले जानकारी दिए । त्यसैगरी, शनिबार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा १ हजार ४४१ जनाको कोरोना आशंकामा परीक्षण भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार  मन्त्रालयका कल सेन्टर १११५ र ११३३ मा ३ हजार ४६५ वटा कल कोरोनाको गुनासोको सम्बोधन गरिएको छ । मन्त्रालयको मोबाइल एपमा शनिबार १२६ जना रेड जोनमा रहेको समेत प्रवक्ता डा. देवकोटाले जानकारी दिए ।

# चौतफीं आलोचना



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत

स्वास्थ्य सामग्री खरिद गर्ने जिम्मा नेपाली सेनालाई दिने सरकारको निर्णयप्रति चौतफीं आलोचना भइरहेको छ। सरकारले हालै मात्र कोरोना भाइरस (कोभिड-१९) को उपचारका लागि चाहिने पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पीपीई), मास्क लगायतका स्वास्थ्य सामग्री आपूर्तिको जिम्मा नेपाली सेनालाई दिएको थियो ।

यसअघि ओम्नी सप्लायर्सलाई स्वास्थ्य सामग्री खरिद गरेर ल्याउने जिम्मा दिइएको थियो । ओम्नी सप्लायर्स मार्फत करिब १ अर्ब २४ करोड बराबरका औषधिजन्य सामग्री ल्याइएपछि खरिदमा अनियमितता भएको भन्दै चौतफीं आलोचना भयो । आलोचनाका बीच उक्त सम्झौता रद्द गरिएपछि सरकारले खरिदको जिम्मा सेनालाई दिने निर्णय गरेको हो ।

सो निर्णयप्रति सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रनै असन्तुष्टि उत्पन्न भएको छ । सत्तारुढ नेकपाका नेताहरुले सरकारको निर्णयमा असहमति जनाएका छन् । औषधि खरिदमा देखिएको विवाद र सेनालाई खरिदको जिम्मा दिने निर्णयले राम्रो सन्देश नगएको नेकपाकै नेताहरु बताउँछन् । कोभिड-१९ नियन्त्रणको रणनीतिबारे छलफल गर्न नेताहरुले सचिवालय बैठक पनि माग गरिरहेका छन्। उनीहरुले निर्णय फिर्ता नलिए प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध एक जुट हुने चेतावनी दिएका खबरहरु पनि सार्वजनिक भएका छन् ।

नेकपा प्रवक्ता एवं सचिवालय सदस्य नारायणकाजी श्रेष्ठले पनि आफूले सचिवालय बैठक बसेर रणनीति बनाउनुपर्ने माग गरेको बताउँदै आएका छन् । आवश्यक पर्दा मन्त्रिपरिषद् र उच्चस्तरीय समन्वय समितिको बैठक बस्ने गरेको भन्दै उनले ट्वीटरमा भनेका छन्, 'अबको सन्दर्भमा स्वास्थ्यको प्रोटोकल पालना गर्दै सचिवालय बैठक पनि बस्न सक्छ । त्यसैले शीघ्र बैठक बस्ने विश्वास छ, बस्नैपर्छ ।'

त्यस्तै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेताहरुले पनि स्वास्थ्य सामग्री खरिद गर्ने जिम्मा नेपाली सेनालाई दिनु दुर्भाग्यपूर्ण रहेको बताउँदै आएका छन् । कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले स्वास्थ्य सामग्री खरिदमा सरकारमा रहेका मन्त्रीहरु 'जी टु जी' मार्फत खरिद सम्भव नहुने बताउने तर मन्त्रिपरिषदले त्यही निर्णय गरेर आम मान्छेमा अन्योल उत्पन्न गरेको बताएका छन् । उनले यो सबै कार्य कतै स्वास्थ्य सामग्री खरिदमा भएको भ्रष्टाचार ढाकछोपका लागि त होइन भन्ने शंका समेत व्यक्त गरे ।

वरिष्ठ नेता पौडेलले सेनाले खरिद गर्दा अख्तिारले छानविन गर्दैन भन्ने मानसिकतामा सरकार देखिएको भन्दै सबै कुरा सेनालाई दिनुपर्ने अन्य क्षेत्र प्रति किन अविश्वास सृजना गरिँदै छ भन्ने प्रश्न समेत गरे। संकटको बेलामा स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार हुनु दुर्भाग्यपूर्ण भन्दै नेता पौडेलले चीनमा कोरोनाको संक्रमण देखिएकै अवस्थाबाट किन सरकारले पर्याप्त तयारीमा नलागेको भनि प्रश्न गरे। त्यस्तै समाजवादी पार्टीका नेता नेता डाक्टर बाबुराम बाँकी पृष्ठ २ मा

## विद्यार्थी मर्कामा

**सिड्नी/एजेन्सी-** नेपाली विद्यार्थीको पहिलो रोजाईको गन्तव्य बनेको अस्ट्रेलिया पनि अहिले लकडाउनमा छ । जसका कारण नेपाली विद्यार्थीहरु अहिले अप्ठेरोमा परेका छन् । त्यहाँका प्रधानमन्त्री स्कट मरिसनले अष्ट्रेलिया आएको एक वर्ष नपुगेका विद्यार्थी आफ्नो देश फर्किन सक्ने बताएपछि नेपाली विद्याथीहरु पनि संकटमा परेका हुन् ।

कोरोना भाइरसका कारण त्यहाँ रहेका धेरै विद्यार्थीहरुले आफ्नो जागिर गुमाइ सकेका छन्।

अधिकांस नेपाली विद्यार्थीहरुले होटल रेष्टुरेन्टमा काम गर्ने गर्छन्। तर अहिले कार्यस्थल बन्द हुँदा उनीहरुले काम गुमाउन परेको छ।

अष्ट्रेलियामा करिब ५५ हजार नेपाली विद्यार्थी रहेका छन् । कोरोनाका कारण ३० हजार बढी विद्यार्थीले आफ्नो काम गुमाइसकेको त्यहाँ अध्ययनरत एक विद्यार्थीले जानकारी दिए । उनले भने ' अस्ट्रेलियाको लकडाउन अझै २-३ हप्ता यस्तै हुने हो भने केही विद्यार्थी सडकमै आउन पर्ने अवस्था सिर्जना हुनसक्छ', उनले भने। 'नेपाल सरकारले विद्यार्थीको लागि घर फर्किने बाटो खुला गरिदिए उनीहरु फर्किन सक्थे ।'

शिक्षामन्त्री गिरिराजमणी पोखरेलले मन्त्रालयले यस विषयमा अष्ट्रेलियास्थित नेपाली राजदूतसँग कुरा गरिरहेको बताए । 'त्यहाँका प्रधानमन्त्रीको भनाई सार्वजनिक भएपछि हामीले यसबारे कुरा गरिरहेका छौं', उनले भने, परराष्ट्र सचिवसँग पनि कुरा भएको छ । आवश्यक परेको खण्डमा उच्चस्तरीयरुपमा कुटिनीतिक पहल गर्छौं ।' तत्काल नेपाली विद्यार्थीलाई फिर्ता ल्याउन सम्भव नहुने उनले बताए। बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगार ऐन संशोधन गरिने

## वार्षिक सय जनाको प्रावधान हटाउन मन्त्रिपरिषद् सहमत

**रेशमराज पौड्ेल/मध्यान्ह**
काठमाडौं, २२ चैत

वार्षिक रुपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएकै कारणबाट ईजाजतपत्र संस्थाहरु खारेज हुने हालको व्यवस्था हटाउन नेपाल सरकारले सहमति जनाएको छ ।

विश्वभर तीव्र रुपमा फैलिएको प्राणघातक कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण उत्पन्न जटिल अवस्थामा तत्काल राहत प्रदान गर्ने विषयमा निर्णय लिन बसेको मन्त्रीपरिषद्को चैत्र १६ गतेको बैठकले ईजाजतपत्र नवीकरणका लागि वार्षिक रुपमा सय जना कामदार पठाएको अनिवार्य प्रावधान हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय गरेको हो ।

चैत्र १८ गते अर्थ मन्त्रालय मार्फत सार्वजनिक भएको राहत सम्वन्धी प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरु शीर्षकको (ङ) मा भनिएको छ, 'वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रकृया अघि बढाउने ।'

गत वर्ष फागुनमा केही नेपाल ऐनलाई संशोधन गर्ने कानूनले वैदेशिक रोजगार ऐन र गत भदौ १ गते वैदेशिक रोजगार (पाँचौ संशोधन) नियमावलीमा म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था गरिएको छ ।

व्यवसायीहरुको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायत प्रमुख दल निकट वैदेशिक रोजगार व्यवसायीका संगठन देखि जातीय तथा भेगीय संस्थाहरुले उक्त प्रावधानको चर्को रुपमा विरोध गर्दै आएका थिए ।

केही दिनअघि प्रगतीशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वउपाध्यक्ष एवं प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा दुवैतर्फका ११ व्यवसायी सम्मिलित 'संख्या सय समस्या समाधान समिति' गठन गरेको थियो ।

वैदेशिक रोजगार ऐन र नियमावलीको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्रधानमन्त्रीको चासो

**योगी योगेन्द्र/मध्यान्ह**
दोहा, २२ चैत



प्रधानमन्त्री केपी शर्मा ओलीले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुको अवस्था बुझ्ने प्रकृया शुरु गरेका छन् । प्रधानमन्त्री ओलीले सनिवार बहराइनका प्रधानमन्त्री खालिफा विन सलमान अल खालिफासँग टेलिफोन गरी त्यहाँ रहेका नेपाली कामदारको  अवस्था वारेमा जानकारी लिएका हुन ।

हाल खाडमिा १५ लाख बढी नेपाली रहेको अनुमान छ। प्रधानमन्त्रीका राजनितिक सल्लाहकार विष्णु रिमालले प्रधानमन्त्री ओलीबाट खाडीका अन्य मुलुकका सरकार प्रमुखरुसंगपनि टेलिफोन गरी नेपाली कामदार हरुको अवस्था जानकारी लिने तयारी भइरहेको जानकारी दिएका छन् । त्यस अवसरमा नेपाली कामदारहरुप्रति चासो राख्दै बाँकी पृष्ठ २ मा

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको हार्दिक अपिल**

**आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू,**

तपाईहरु वैदेशिक रोजगारीका क्रममा खाडीका विभिन्न मुलुक, मलेसिया लगायत विश्वका विभिन्न देशमा रहनु भएको छ । आज विश्वभर तीव्र रुपमा फैलिएको प्राणघातक कोरोना भाईरस (कोभिड-१९)को संक्रमणका कारण मानव स्वास्थ्य र मानव सभ्यता मै गंभीर चुनौती खडा भएको छ । यस विषम परिस्थितिविरुद्व लड्न तपाईहरु कार्यरत रहेका देशले लिएका निर्णय तथा रोग रोकथामका लागि जारी गरेका  नियम, प्रावधान, जानकारी तथा सूचनाहरुलाई अक्षरशः  पालना गर्नुको विकल्प छैन । तपाईहरु जहाँ जुन परिस्थितिमा हुनुहुन्छ, आपसी भाइचारको सद्भाव राखी एक आपसमा मिलि सहयोग र सहकार्य गरी सम्भव भएसम्म अन्य देशमा रहेका नेपालीहरुसँग पनि सूचना आदान प्रदानगरी यस विषम परिस्थितिमा विशेष सावधानीपूर्वक आ-आफ्नो विवेकको उच्चतम प्रयोग गर्नु हुने नै छ भन्ने विश्वास लिएको छु । यहाँहरुले विदेशी भूमिमा मेहनतपूर्वक आर्जन गरी स्वदेश पठाएको विप्रेषणले परिवारको भरण पोषण शिक्षा दिक्षाका तथा राष्ट्र निर्माणमा उल्लेख्य योगदान दिई रहेको छ । आजको यस विषम परिस्थितिमा नेपाल बैदेशिक रोजगार व्यवसायी संघ र संघमा आवद्ध व्यवसायीहरु विदेशमा रहनु भएका तपाईहरुको साथमा एक साथ खडा भएका छौं । यसै सन्दर्भमा नेपाल सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना गरेको कोष र कामदार उद्धार कोषमा सघका तर्फबाट गत बुधबार एक/एक करोड गरी दुई करोड रुपैयाँ सहयोग गर्ने निर्णय गरेका छौं । वैदेशिक रोजगारीमा रहनुभएका तपाई नेपाली दाजुभाइ  दिदीबहिनीहरुका समस्या समाधान गर्न विभिन्न संघ संस्थाहरुसँग बलियो सम्वन्ध स्थापित गरेर आगामी दिनमा देखा पर्ने सबै समस्या समधान गर्ने म नेपाल सरकार समक्ष हार्दिक अपील समेत गर्दछु । विश्वास छ, तपाईहरुले सामाजिक सञ्जाल तथा अन्य माध्यमहरुबाट सम्पर्क स्थापित गरी परिवारका सदस्यहरुमा हौसला बढाउनु हुनेछ । विदेशमा रहनु भएका तपाईहरुको सुरक्षा, खुशी तथा सहजता हामी सबैको खुशी र  सन्तोषको विषय हुनेछ । कुनैपनि अफवाह तथा भ्रमको पछ्याडी नलागी एकताबद्ध भई यस विषम परिस्थितिको सामना गर्न नेपाल सरकार, संघ तथा सम्पूर्ण व्यवसायीज्यूहरुबाट विगतमा झैं एकता र सहकार्य रहने समेत विश्वासका साथ प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

**बिष्णु प्रसाद गैरे**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
**बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८**
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# लकडाउनमा बाल अधिकारप्रति अझ संवेदनशील बन्न अपिल

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९)ले विश्वभरि महामारीको स्वरुप लिइरहेका बेला बालबालिकाको अवस्थाप्रति विशेष ध्यान दिन बालअधिकारको क्षेत्रमा कृयाशील संघ संस्थाहरुले संयुक्तरुपमा अपिल गरेका छन् ।

सरकारले कोरोना संक्रमण रोकथाम र नियन्त्रण गर्न लकडाउनको घोषणा गरेको अवस्थामा बालबालिकामाथि विभिन्न खालका जोखिम हुन सक्ने भन्दै अधिकारबादीहरुले बालबालिकाको संरक्षणको निम्ति अहिलेको समयमा राज्यका सबै निकाय अझ बढि जिम्मेवार हुनुपर्ने बताएका हुन् ।

पछिल्लो समयमा बालबालिकामाथि दुर्व्यवहारका घटना सार्वजनिक भइरहेको बताउँदै अपिलमा भनिएको छ, 'यही १४ गते कपिलवस्तुमा १३ वर्षकी बालिकामाथि छिमेकी युवकले बलात्कार गरेको थियो । पीडितआफैले निवेदनदिंदापनि यो विषयलाई प्रहरीले त्यती गम्भिरता लिएको देखिदैन । त्यस्तै ललितपुरमा १८ वर्षीया किशोरिलाई जबरजस्ती करणी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको थियो ।'

National Action and Coordinating Group - Nepal

लकडाउनका कारण विद्यालयमा अध्ययनरत तथा एसईई परीक्षा एवं उच्च माध्यमिक परीक्षाको तयारीमा रहेका बालबालिकामाथि मनोसामाजिक तनाब समेत रहेकोले यो अवस्थामा सबै उत्तिकै संवेदनशील हुनुपर्ने बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह कन्सोर्टियम नेपालका अध्यक्ष किरण थापाले बताए ।

बाल हिंसाबिरुद्ध क्रियाशील राष्ट्रिय कार्य समन्वय समूह (एनएसिजी नेपाल),महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह नेपाल( एटविन), बालगृहहरुको सञ्जाल (सिनेट नेपाल), सिआरसी एचआरटिएमसिसि कमिटी, यात्रामा रहेका बालबालिकाहरुको अधिकार संरक्षण अभियान, राष्ट्रिय बाल संरक्षण सञ्जाल, बाल सहभागिताका लागि कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल), बालबालिक शान्ती क्षेत्र राष्ट्रिय अभियान (सिजप), बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, शिक्षा निगरानी समूह, समाहित शिक्षा मंच नेपाल, सिआरसि ओपिथ्रि अनुमोदनका लागि नागरिक टसमाजको राष्ट्रिय सञ्जाल, बालिका अधिकारको लागि राष्ट्रिय सञ्जाल,सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, नाओस र नाक्रो गरी १६ वटा संस्थाहरुले ऐक्यबद्धतासहित सो अपिल जारी गरेका हुन् ।

जारी अपिलमा अगाडि भनिएको छ, 'बाल गृहमा रहेका बालबालिका, बेचबिखन विरुद्धको पुनः स्थापन गृह, शरणार्थी शिविरमा रहेका बालबालिका, सडक बालबालिका, अपांगता भएका, श्रममा रहेका बालबालिकाहरुको सर्वोतम हितलाई ध्यानमा राखी सामाजिक सुरक्षाको विशेष व्यवस्था मिलाउनु पर्दछ ।'

विज्ञप्तिमा गर्भवती, सुत्केरी महिलाहरु तथा नवजात शिशुहरुको स्वास्थ्य उपचार एवं आवश्यक भ्याक्सिनहरुको सर्वशुलभताको लागि आवश्यक व्यवस्था गरिनु पर्ने उल्लेख गर्दै बालसुधार गृहमा रहेका बालबालिकाहरुका सम्बन्धित अभिभावकले सम्पर्क गरि लैजान सकिने निर्णय गरिएतापनि सम्बन्धित अभिभावकसम्म सञ्चार नपुगेको र बालबालिका लैजान चाहने अभिभावकहरुले लकडाउनका कारण असम्भव रहेको अवस्थामा आवश्यक व्यवस्था मिलाउन समेत आग्रह गरिएको छ ।

यस्तै, अपिलमा संचार माध्यमहरुबाट बालबालिकाहरुको लागि सन्देशमूलक तथा ज्ञानवर्द्धक कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिदिन र खासगरी लकडाउनको अवस्थामा पनि बाल हिंसा तथा यौन दूर्व्यवहारको घटनाहरु आइरहेको अवस्थामा सम्बन्धित सुरक्षाकर्मीहरुमा आवश्यक निर्देशन जारी गरिदिन समेत आग्रह गरिएको छ ।

# पीपीई जथाभावी प्रयोग नगर्न मन्त्रालयको आग्रह

**काठमाडौं/मस-** सरकारले कोभिड- १९ को रोकथाम र नियन्त्रणका लागि प्रयोग गरिने व्यक्तिगत सुरक्षा कवच (पीपीई) को चिकित्सक र स्वास्थ्यकर्मीलाई जथाभावी प्रयोग नगर्न आग्रह गरेको छ । शनिबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले चिकित्सक र स्वास्थ्यकर्मीलाई पीपीई अत्यावश्यक काममा मात्र प्रयोग गर्न आग्रह गरेका हुन् ।



उनले पीपीई धेरैले नभएकाले बिरामीलाई मात्र समुचित प्रयोग गर्न आग्रह गरेका हुन् । मन्त्रालयका प्रवक्ता डा देवकोटाले कोभिड-१९ को सङ्क्रमण दिनप्रतिदिन देखिन थालेकाले नमूना परीक्षणको दायर ासमेत बढाइ क्वारेन्टाइन अवधि बढाइने जानकारी दिए ।

उनले एक व्यक्तिबाट अर्को व्यक्तिमा सङ्क्रमण बढ्न नदिन क्वारेन्टाइनमा बस्न सर्वसाधारणलाई आग्रह गरे । उनले स्थानीय मानिसमा पनि सङ्क्रमण देखिएकोले क्वारेन्टाइनको अवधि बढ्ने बताए । डा. देवकोटाका अनुसार अहिलेसम्म एक हजार ४४१ को नमूना परीक्षण भएको छ भने १५ जना काठमाडौँमा र ५४ जना उपत्यका बाहिर आइसोलेसनमा रहेका छन् । यसैगरी मन्त्रालयको दुई वटा कल सेन्टरमा आज मात्र तीन हजार ४६५ जनाले प्रश्न सोधेका छन् ।

यसैगरी मन्त्रालयको वेबसाइट र मोबाइल एपमा राखिएको कोभिड- १९ को फाराम आफैले भरेर पठाउने छ हजार ५२७ जनामध्ये १२६ लाई रेड जोनमा राखिएको छ । परीक्षणका क्रममा ती मानिसमा ज्वरो, रुघाखोकी आउने गरेको उनले बताए । यसैगरी चितवन र बुटवलमा भोलि आइतबारदेखि कोभिड- १९ परीक्षण गरिनेछ । जनकपुर, हेटौँडा, धरान, पोखरा, धनगढी र सुर्खेतबाट यसअघि नै परीक्षण गरिएको थियो ।

# लागुऔषधसहित दुई जना पक्राउ

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २२ चैत

सिरहा प्रहरीले लागुऔषध सहित दुई जनालाई पक्राउ गरेको छ । लकडाउनका वेला भित्रीबाटो प्रयोग गरी लागुऔषधको कारोबार गर्ने दुई कारोबारीलाई प्रहरीले पक्राउ गरेको हो ।



अत्यावश्यक बाहेकका सवारी साधन चलाउन बन्देज भएपनि मोटरसाइकलमा लागुऔषध सहित तस्करी गर्दै गर्दा दुई जना पक्राउ परेको प्रहरीले जनाएको छ । मोटरसाइकलमा आएका दुईजना प्रहरी देखेपछि भाग्ने क्रममा सडक छेउमा अत्याधिक गतिका कारण मोटरसाइकल ठोक्किएपछि उनीहरु पक्राउ परेका हुन् ।

स.३ प. ३४५६ नम्बरको मोटरसाइकलमा सिरहा नगरपालिका-१२ सारस्वपमा बिहीबार प्रहरी चौकी बेलहाबाट खटिएको गस्ती टोलीले चेकजाँच गर्न खोज्दा उनीहरु भागेका थिए । प्रहरी देखेर भाग्ने क्रममा सारस्वर-गुलरिया सडक खण्डमा मोटरसाइकल दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

लागुऔषधसहित मोटरसाइकलमा सवार कल्याणपुर नगरपालिका-८ का मोहमद हयब खानको छोरा ३२ वर्षीय लालु खान र मिर्चैया नगरपालिका- ५ जिवा टोलका देवु पासवानको छोरा २९ वर्षीय उचित भनिने नागेन्द्र पासवानलाई प्रहरीले पक्राउ गरेको सिरहा प्रहरी कार्यालयका प्रवक्ता विनोद घिमिरेले बताए ।

मोटरसाइकलको सिटको बीच भागमा लुकाइएको झोलामा डाइलेक्स डिसी १०० एमएलको ४६ बोतल भेटिएको जिल्ला प्रहरीले जनाएको छ । मोटरसाइकल दुर्घटनामा समान्य घाइते खानलाई जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा राखिएको छ । उता पासमानलाई हात, टाउको र छातीमा चोट लागेपछि थप उपचारको लागि पासवानकी आमा जमुनिया देवी पासवानलाई जिम्मा लगाई विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# प्रादेशिक अस्पताल जनकपुरको परीक्षणमा सबैको रिपोर्ट 'नेगेटिभ'




**जनकपुर/मस-** जनकपुरस्थित प्रादेशिक अस्पतालमा कोरोना भाइरसको चार जनाको स्वाबको परीक्षण गर्दा सबै रिपोर्ट 'नेगेटिभ' आएको छ । सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले शनिबार प्रेस भेटघाटमा सो जानकारी गराएका हुन् ।

प्रदेश नं-२ मा हालसम्ममा ७९ जनाको स्वाब परीक्षणका लागि पठाइएकामा शनिबारसम्ममा ३८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ४१ जनाको रिपोर्ट आउन बाँकी रहेको उनले जानकारी दिए । यस प्रदेशको आठवटै जिल्ला गरी १३६ वटा क्वारेन्टाइनमा दुई हजार ७३५ वटा श्यया रहेको छ । सोमध्ये ९६८ जना क्वारेन्टाइनमा, ८७ वटा आइसोलेसन शय्यामा २२ जना रहेको छ भने एक हजार छ जना होम क्वारेन्टाइनमा बसेको सचिव घिमिरेले जानकारी गराए ।

उनका अनुसार सप्तरीको ३० वटा क्वारेन्टाइनमा २९९ जना, होम क्वारेन्टाइनमा ४८ जना र एक जना आइसोलेसनमा छन् भने सिरहाको १९ वटा क्वारेन्टाइनमा १२७ जना र ७७ जना होम क्वारेन्टाइनमा छन् । धनुषाको १६ वटा क्वारेन्टाइनमा ८२ जना, होम क्वारेन्टाइनमा ४० जना र सात जना आइसोलेसनमा रहेको छ भने महोत्तरीको १६ वटा क्वारेन्टाइनमा ४४ जना र ७७५ जना होम क्वारेन्टाइन छन् भने सर्लाहीको १६ वटा क्वारेन्टाइनमा ५३ जना, ३२ जना होम क्वारेन्टाइनमा छन् र रौतहटको १६ वटा क्वारेन्टाइनमा २१५ जना र चार जना होम क्वारेन्टाइनमा बसेका छन् ।

पर्साको नौ वटा क्वारेन्टाइनमा ९८ जना क्वारेन्टाइनमा, पाँच जना होम क्वारेन्टाइनमा र पाँच जना आइसोलेसनमा छन भने बाराको १४ वटा क्वारेन्टाइनमा ५० जना, २५ जना होम क्वारेन्टाइनमा र नौ जना आइसोलेसनमा छन् । उनीहरु नौ जना भारतमा सम्पन्न धार्मिक कार्यक्रमबाट फर्केका व्यक्ति रहेको सचिव घिमिरेले बताए ।

# अवैध मदिरा नष्ट

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २२ चैत

नवलपरासीको गुठी परसौनीमा सशस्त्र प्रहरीद्वारा अबैधरुपमा राखिएको मदिरा नष्ट गरिएको छ । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका सशस्त्र प्रहरी निरीक्षक सुमन अधिकारीको नेतृत्वमा खटिएको गस्ती टोलीले सुस्ता गाउँपालिका वडा नं ५ बलिनगरमा गएराति नेपालबाट भारततर्फ लग्दै गरेको अवस्थामा करिब एक सय लिटर अबैध घरेलु मदिराको साथै भारतीय नम्बर यु.पी.५६एच, ९२६८को मोटरसाइकल दशगजाबाट बरामद गरेको थियो ।



बरामद गरिएको मदिरा स्थानीय र पत्रकारहरुको रोहवरमा नष्ट गरिएको सशस्त्र प्रहरी निरीक्षक अधिकारीले बताए । लकडाउनको समयमा सीमा तस्करी तथा सीमा सुरक्षाको निगरानी पूर्णरुपले बढाइनुका साथै मानिसहरुलाई आवतजावतमा पूर्णरुपमा रोक लगाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

## नेपालमा...

संक्रमण फेला परेको मन्त्रालयले जनाएको छ । हालसम्म नेपालमा कोरोना संक्रमितको संख्या ९ पुगेको छ ।

संक्रमित युवा भीडमा थिए

भारतबाट गत चैत ११ गते धनगढीस्थित गौरीफन्टा नाकामा हजार बढी मानिससँग सँगै भएको खुलेको छ । सरकारले लक डाउन जारी गरिसकेपछि भारतका विभिन्न ठाउँबाट आएका नेपालीहरू गौरीफन्टा नाकामा अलपत्र परेका थिए । त्यहाँ हजार जनाभन्दा बढी नेपाली भेला भएका थिए । उनीहरूले आफ्नो देशमा प्रवेश गर्न पाउनु पर्ने भन्दै नाराबाजी गरेपछि स्थानीय प्रशासनले नेपाल प्रवेश गर्न दिएको थियो ।

उनीहरूलाई गाडीमा राखेर सम्बन्धित पालिकाहरूमा पठाइएको थियो । प्रतापपुरका यी युवा पनि तिनै गाडीमध्ये एक गाडीमा चढेर घर पुगेका थिए । घर आएर उनी केही समय दाइको घरमा बसेको प्रहरीले जनाएको छ । त्यसपछि उनलाई चैत १२ गतेदेखि क्वारेन्टाइनमा राखिएको थियो ।

ती युवकसहित क्वारेन्टाइनमा रहेका ४४ जनाको स्वाब परीक्षणका लागि तीन दिनअघि केन्द्रीय प्रयोगशाला काठमाडौं पठाइएको थियो । ती युवकमा कोरोना भाइरस संक्रमण रहेको शनिबार पुष्टि भएपछि सेती प्रादेशिक अस्पतालमा पठाइएको उनले जानकारी दिए ।

## चौतर्फी...

भट्टराइले स्वास्थ्य सामग्री खरिद गर्ने जिम्मा नेपाली सेनालाई दिनु दूर्भाग्यपूर्ण भएको बताएका छन् । नेता भट्टराईले सामान खरिदको जिम्मा सेनालाई दिनु आँखाको काम नाकले गर्न खोज्नु जस्तै भएको टिप्पणी गरे ।

नेता भट्टराईले अहिले सर्वदलीय सरकारको कुरा गर्नु नाजायज भएको पनि बताए । डाक्टर भट्टराईले नेकपालाई पाँच वर्ष सरकार चलाउने जनमत प्राप्त भएकोले अहिले मलाई पनि सरकारमा ठाउँ देउ भन्नु अनुपयुक्त हुने बताए ।

## विद्यार्थी..

गैरआवासीय नेपाली र विद्यार्थीलाई अष्ट्रेलिया पठाउने संस्थाहरुसँग पनि कुरा गरिरहेको र विद्यार्थीलाई सहयोग गर्न आग्रह गरेको उनले बताए । नयाँ शैक्षिक सत्रका लागि अनुमति लिएका विद्यार्थीको लगत निकाल्ने काम भइरहेको मन्त्री पोखेलले बताए ।

प्रधानमन्त्री मरिसनले शुक्रबार अष्ट्रेलियाको भिसा सर्तमा एक वर्ष आफुले आफैलाई सहयोग गर्न सक्ने शर्त भएको र अप्ठ्यारो अवस्थामा परेकाहरु स्वदेश फर्कन सक्ने बताएका थिए । तर उनको यो भनाईको अष्ट्रेलियामा नै विरोध शुरु भएको छ । प्रतिपक्षी दल अस्ट्रेलियन लेबर पार्टीले प्रधानमन्त्रीको यस भनाईको विरोध गरेको छ । दुःखको बेला उनीहरुलाई घर जाउ भन्नु भन्दा सहयोग गर्नुपर्ने विपक्षीको भनाई छ ।

नेपाली विद्यार्थी १५ देखि २५ लाखसम्म खर्चेर अष्ट्रेलिया पुग्ने गर्छन् । एक जनाको साप्ताहिक खर्च करिव ४ सय ५० डलर हुने गर्छ । काम खोसिएको अवस्थामा त्यो नेपाली विद्यार्थीको लागि निकै मुस्किलको कुरा भएको ती विद्यार्थीको भनाई छ । होस्टलमा बस्ने विद्यार्थीहरु अझ समस्यामा परेका छन् । होस्टल खाली हुँदा उनीहरु साथीहरुको शरणमा पुग्न परेको छ ।

अष्ट्रेलियाका प्रधानमन्त्रीको यस्तो भनाई आएपछि त्यहाँ लामो समय प्रध्यापन गरेका उत्तमबाबु श्रेष्ठले फेसबुकमा लेखेका छन्, 'अष्ट्रेलियाको प्रधानमन्त्री स्कट मरिसनले विद्यार्थी र भिजिट भिसामा अष्ट्रेलिया वसिरहेकाहरूलाइ बस्न नसक्ने भए आफ्नो घर जानु भनेर भनेछन् यस्तो संकटको बेला शिक्षाको व्यापार गर्ने बनियाँबाट यो भन्दा तल्लो कुरा के खोज्ने? अन्तराष्ट्रिय विद्यार्थीहरूले अष्ट्रेलियाको इकोनोमीमा गत बर्षमात्रै ३४ विलियन डलर योगदान गरेका थिए ।'

अष्ट्रेलियामा अहिले विद्यार्थीहरुले शैक्षिक शूल्क बुझाई सकेका छन् । उनीहरु घर फर्किन परेको अवस्थामा विद्यार्थीले बुझाएको शूल्क के हुने भन्नेबारे भने अष्ट्रेलिया सरकारले केही भनेको छैन । सरकारले आफ्ना नागरिक र अन्य कामदारको लागि प्याकेज ल्याए पनि अन्तराष्ट्रिय विद्यार्थीको शैक्षिक शूल्कमा सहुलियत वा मिनाहाबारे केही बोलेको छैन । नेपाल सरकारले भने विदेशमा अध्ययनरत विद्यार्थीको लागि नेपालबाट पैसा पठाउन सकिने व्यवस्था गरेको बताएको छ ।

## वैदेशिक..

प्रावधान परिवर्तन नभए हाल क्रियाशील रहेका ८ सय ५४ मध्ये करिब ३ सय ५० म्यानपावर कम्पनीको सख्या नपुग्ने र उनीहरू नवीकरण नभई खारेजीमा पर्नेसक्ने खतरा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आँकलन छ ।

संघका अध्यक्ष विष्णुप्रसाद गैरेले संविधानले पेशा व्यवसाय गर्ने अधिकारलाई ग्यारेन्टी गरेकोले ईजाजतपत्र नवीकरणका लागि संख्या तोकेर समस्या पार्न नहुने अवस्थामा ऐन संशोधन गर्ने मन्त्रीपरिषद्को निर्णय सकारात्मक रहेको भन्दै भएको निर्णय समावेश गरेर तत्काल ऐन संशोधनको प्रकृया अघि बढाउनु पर्ने माग गरे ।

वैदेशिक रोजगार ऐन अनुसार म्यानपावर कम्पनीले हरेक वर्षको असार मसान्तमा एक आर्थिक वर्षका लागि दश हजार रुपैया र एकै चोटी तीन आर्थिक वर्षका लागि तीस हजार शुल्क तिरेर आफ्नो म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गराउनु पर्ने व्यवस्था छ ।

हालको व्यवस्था अनुसार ईजाजतपत्र नवीकरण गराउँदा कर चुक्ता लगायतका कागजातसँगै वार्षिक रुपमा कम्तीमा एक सयजना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात पेश गर्नु पर्ने व्यवस्था छ ।

अनिवार्य रुपमा सयजना कामदार वैदेशिक रोजगारमिा पठाएको हुनुपर्ने प्रावधान हटाउन मन्त्रीपरिषद्ले सहमति जनाएपनि ऐन संशोधन नभएसम्म व्यवसायीहरुले त्यसको लाभ पाउने छैनन् ।

ईजाजतपत्र नवीकरणको समय लगभग शुरु भएको छ । नियमित रुपमा असार मसान्तसम्म र प्रति महिना दश हजार रुपैयाँ जरीवाना बुझाएमा कम्पनी असोज मसान्तसम्म नवीकरण गर्न पाइने व्यवस्था रहेको छ । असार मसान्त आउन अब सय दिनको समय पनि वाँकी छैन ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायले मन्त्रिपरिषद्को पछिल्लो निर्णय अघि नै वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्न प्रकृया अघि बढाइसकेको छ । तर मन्त्रिपरिषद्को पछिल्लो निर्णय त्यसमा समावेश भई सकेको छैन ।

मन्त्रालयका सचिव विनोद केसीले मन्त्रिपरिषद्को निर्णय लिखित रुपमा आएपछि त्यस वारेमा निर्णय गरिने भन्दै आधिकारीक जानकारी पाउन वाँकी रहेको बताए । प्रतिनिधिसभाको बैठक कोरोना भाइरसकै कारण चैत ३० गतेसम्मका लागि स्थगन गरिएको छ ।

मन्त्रिपरिषद्को सोही बैठकले वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति लिएकाहरु कोभिड १९ का कारणले रोजगारीमा जान नपाएका तर वैदेशिक रोजगारीबाट फर्किएका नेपाली नागरिकको विवरण जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्धगरी कार्यक्रमको रकम उत्पादनशील कार्यमा उपयोग हुने सुनिश्चितता गर्ने निर्णय गरेको थियो ।

## प्रधानमन्त्रीको...

बहराईनबाट प्राप्त सहयोगका लागि धन्यवाद समेत दिएको रिमालले बताएका छन् ।

बहराइनमा शनिवार ९ जना नेपाली कामदार कोरोना भाइरस( कोभिड-१९)बाट संक्रमित भएको सार्वजनिक भएको थियो भने त्यस अघि ३ जना नेपालीमा कोरोना देखिएको थियो । अघिल्लो पटकका तीन जना हाल संक्रमण मुक्त भइसकेको बताइएको छ ।

बहराइनस्थित नेपाली दूतावासका अनुसार एउटै क्याम्पमा बसेका नेपाली कामदारमा कोरोना भाइरसको पोजिटिभ अवस्था देखिएको हो । नेपाली सहित ४ सय जना आप्रवासी कामदार बस्ने बहराइनको सल्मावादस्थित क्याम्पका सबै कादारको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसमा ९ जना नेपालीलाई संक्रमण देखिएको बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले बताएका छन् ।

कोरोनाको संक्रमण विश्वव्यापी भएसँगै गत चैत ११ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव र परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले खाडी र अफ्रिकी मुलुकमा रहेका नेपाली राजदूतहरूसँग भिडिओ कन्फरेन्स मार्फत त्यहाँ रहेका नेपाली कामदारहरुको बस्तुगत अवस्थावारे जनाकारी लिएका थिए ।

विश्विभर तीव्र रुपमा फैलिएको प्राणघातक कोरोना भाईरस (कोभिड-१९)को संक्रमणका कारण राजगारदाताहरुले कामदार कतौती शुरुगर्दा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार प्रभावित बन्न थालेका छन् । गतवर्ष नोभेम्वरमा चीनमा कोरोना भाइरसको संक्रमण देखा परेपनि विगत तीन हप्तयता विश्वव्यापी लक डाउनको अवस्था उत्पन्न भएपछि आप्रवासी कामदार समस्याका पर्न थालेका हुन् ।

कोरेना संक्रमणका कारण विभिन्न मुलुकमा नेपाली कामदार प्रभावित भएको खवर आइरहेको छ । यूरोपीयन मुलुक रोमानिया करीब २ हजार ५ सय नेपालीहरु प्रभावित भएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी सघका महासचिव सुजित कुमार श्रेष्ठका अनुसार मेड सर्भिस, हस्पिटालिटि, निर्माण र अन्य क्षेत्रमा कार्यरत कामदार वढी प्रभावित रहेका छन् । त्यसमध्ये मध्ये हस्पिटालिटि क्षेत्रका करिब ५ सय कामदारलाई बेतलबी बिदामा राखिएको छ भने करिब एक हजार निर्माण तथा अन्य क्षेत्रका कामदारहरु लाई रोजगारदाताले ७५ प्रतिशत तलब दिने सर्तमा छुट्टी दिएर राखेका छन् ।

रोमानियका रोजगारदाता र कामदार विच विदाका वारेमा विवाद भएपछि रोमानियाका लागि नेपाली महावाणिज्यदूत नवराज पोखरेल सक्रियभई नेपाली कामदार र रोजगारदाता बीच सहमति गराएका थिए । संघले समस्या समाधाना लागि पहल गरेका महावाणिज्यदूत पोखरेललाई धन्यवाद व्यक्त गर्दै रोमानियामा कामदार पठाएका वैदेशिक रोजगार व्यवसायीहरुलाई आफुले पठाएका कामदारबारे जानकारी लिन र समस्या भए समाधानको पहल गर्न आग्रह गरेको छ ।

उता मलेसियामा आवागमन आदेश उल्लंघन गरेको आरोपमा चार नेपालीलाई तीन महिना कैद सजाय वा जनही १ हजार रिंगिट जरिवाना भएको छ । मलेसियाले कोरोना भाइरस (कोभिड १९) फैलिन नदिन लगाएको आवागमन बन्देजको उल्लंघन गरेको अभियोगमा पूर्ण बहादुर लिम्वू , दुर्गा बहादुर सार्की , पुण्य तामाङ, र भरोसी सदालाई कारावाही गरेको मलेसियाको मेलक्का अध्यागमन कार्यालयले जनाएको छ ।

चारजना नेपालीसँगै पक्राउ परेका एक जना पाकिस्तानी तथा एकजना बंगलादेशी नागरिकलाई तीन महिना कैद सजाय वा जनही १ हजार रिंगिट जरिवाना भएको बताइएको छ ।

**समुह बाहिर काठ बिक्री सम्बन्धि सूचना**

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाट्गद्दीमा संकलन गरिएको लट न १ को साल जातको गोलिया थान ४७ को ५६९.७३क्युफिट लट नम्बर २को साज गोलिया थान ८ को ५५.२५ क्युफिट लट नम्बर ३को सिरिस गोलिया थान ४को ४०.४८ लट नम्बर ४को चिलाउने गोलिया थान ४को ५८.४२ क्युफिट र गत बर्षको साल जातको गोलिया १२ थानको ६०.१९ क्युफिट काठ ०७६र०७७को लागी बाहिर बिक्रीवितरण गर्नु पर्ने भएकोले काठ जे जो अबस्थामा छ सोहि अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्रि समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यात्ती सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पुर्ण ब्याहोराको सूचना समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**डुम्रीथुम्का आदर्श महिला सामुदायिक बन उपभोक्ता समुह**
रौतामाइ गाउँपालिका वडा न ७

# ‘कोरोनाको डरले खुशी मनाउन पाइनँ’

**विक्रम गिरी/रासस**
काठमाडौं, २२ चैत



दुई दिनयता प्रतिमा शेर्पाको मन उकुसमुकुस भइरहेको छ। उनी घरी सामाजिक सञ्जाल नियाल्छिन त घरी विश्वभरिका समाचारलाई पछ्याइरहन्छिन् । उनको मन बसमा छैन। कल्पनामा डुबिरहन्छिन् प्रतिमा। कोरोना भाइरसका कारण अल्यासतल्यास भएकी छिन्। उनको शरीर अमेरिकामा त मन नपालमै छ । अमेरिकामा दिनप्रदिन बढ्दै गएको कोरोना भाइरसको सङ्क्रमणका कारण प्रतिमा कहींकतै निस्कन मिल्ने अवस्था छैन ।

हाल अमेरिकाको क्यालिफोर्नियामा स्नातक तहमा अध्ययनरत प्रतिमा बिहीबार फोर्ब्स पत्रिकाले सार्वजनिक गरेको सन् २०२० को एशियाका ३० वर्षमुनिका ३० युवा प्रतिभाशाली व्यक्तिको सूचीमा परेकी एक मात्र नेपाली खेलाडी हुन् । उनी नेपालको एक नम्बरकी महिला गल्फ खेलाडी हुन्। फोर्ब्सले सार्वजनिक गरेको ३०० जनाको सूचीमा नेपालका छ युवा परेका छन्। उनीसँगै सूचीमा परेका निकिता आचार्य, किरण तिम्सिना, शुभाङ्गी राणा, जेसलिना राणा र रोहित तिवारी भने उद्यमी हुन्। बीस वर्षीया प्रतिमा मनोरञ्जन र खेलकूद विधामा २४औं स्थानमा पर्न सफल भएकी छिन । फोर्ब्सले यो सूचीमा भविष्य परिवर्तन गर्न सक्ने क्षमता राख्ने व्यक्तिलाई समावेश गरेको छ।

उक्त सूची तीन हजार ५ सय जनाबाट छानिएको हो । फोर्ब्सले यस्ता व्यक्ति छान्नका लागि समिति बनाउँछ। बिहीबार राति फोर्ब्सको सूचीमा परेपछि नेपालमा रहेका उनका साथीले प्रतिमाले उक्त खबर सुनाएका थिए । त्यसयता उनको मन फुरुङ्ग भएको छ। ‘चाँडोभन्दा चाँडो नेपाल फर्कन पाए हुन्थ्यो जस्तो भएको छ’, अमेरिकाको क्यालिफोर्नियाबाट फोनमा कुरा गर्दै उनले भनिन्, ‘कोरोना भाइरसका कारण साथीभाइ र आफन्तलाई खुशी साँट्नै पाइनँ ।’ कोरोना भाइरसका कारण उनी नेपाल आउन सकिरहेकी छैनन् । प्रतिमा बस्दै आएको क्षेत्रमा १२० कोरोनाबाट सङ्क्रमित छन् भने एक जनाको मृत्यु भएको छ। यसले उनको मन झन् त्रसित छ।

‘यस्तो अवस्थामा नेपाल फर्कन पाए हुन्थ्यो, बाबुआमा र आफन्तका साथमा बस्न पाए मन हलुका हुन्थ्यो ।’ घर बाहिर ननिस्के खासै समस्या नहुने प्रतिमा बताउँछिन् । अमेरिकामा रहेका नेपालीसित सामाजिक सञ्जालमा खबर आदान-प्रदानका माध्यमबाट मन बहलाउने गरेको उनले बताइन् । ‘नेपालमा अमेरिकाको भन्दा कोरोनाको त्रास कम रहेछ’, उनले साथीभाइबाट पाएको खबर सुनाइन् ।

प्रतिमाको घर सोलुखुम्बुको नाम्चे हो। उनको जन्म काठमाडौँमै भएको हो। ‘एकपटक मात्र जन्मथलो गएकी छु’, उनले सुनाइन्, ‘टाढा छ पटक-पटक जान सकिन्नँ ।’ पिङ्गलास्थानस्थित बाबा बाटिका विद्यालयबाट १० कक्षा उत्तीर्ण गरेकी उनी ४ कक्षा पढ्दादेखि नै गल्फ खेल्न थालेकी हुन् । उनको परिवार गौचरनस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको छेउमै रहेको रोयल नेपाल गल्फ क्लबको कोर्ष (मैदान) सँगैको छाप्रोमा बस्दै आएको छ। उनका बुबा पासाङ सो मैदानका सुरक्षागार्ड हुन् भने आमा त्यहीँ मैदानको रेखदेख गर्छिन् ।

मैदानभित्रै बसाइँ भएका कारण प्रतिमाको मन गल्फतर्फ आकर्षित भएको हो । ‘राम्रोसित होश नफिर्दा नै काठको स्टिक खेल्न थालेँ, नबुझेरै गल्फमा मन बस्यो’, उनले बिगत सुनाइन् । हाल पढाइ र गल्फ प्रशिक्षणका लागि अमेरिकामा रहेकी उनी नेपालकी पहिलो एम्च्योर महिला गल्फर हुन्। प्रतिमा नेपालका लागि पहिलो व्यावसायिक गल्फर बन्न चाहन्छिन्। होश नफिर्दै गल्फमा रमाएकी उनी सानो छँदा रमाइलोका लागि खेल्थिन्। यसरी बालसखासित रमाइलो गर्दागर्दै गल्फ खेलाडी बनेको पत्तै भएन ।

‘रमाइलोका लागि खेल्थे, खेलाडी नै बन्छु भनेर कहिल्यै कल्पना गरिनँ’, अमेरिकाको क्यालिफोर्नियाबाट प्रतिमाले खुशी हुँदै भनिन्, ‘अब यसमै भविष्य बनाउँछु ।’

पछिल्लोपटक प्रतिमा गत असारमा नेपाल आएकी थिइन्। यस्तो महामारीमा उनको मन नेपालमै छ । ‘बाबुआमाको निकै चिन्ता लागिरहन्छ, कोरोनाको त्रास हटेपछि छिट्टै बाबुआमालाई खुशी साँट्न नेपाल फर्कन्छुँ’, उनले भनिन् । नेपालमा गल्फको खासै विकास हुन नसकेकोमा उनी चिन्तित छिन् । ‘फुटबल र क्रिकेटमा जस्तै नेपाली युवा पिँढीको ध्यान गल्फमा आकर्षित गराउन चाहन्छु’, नेपालको गल्फप्रति आशावादी हुँदै प्रतिमाले भनिन् । उनी पढ्न अमेरिका जानु अघिसम्म सानो गौचरनस्थित गल्फ मैदानमा चार पाँच जना मात्र महिला खेलाडी मात्र आउने गरेको उनले सम्झिइन् । ‘धेरैजसो रमाइलो गर्न मात्र आउँथे, गल्फ नै सिक्छु भनेर आउन्नथे’, प्रतिमा भन्छिन्, ‘अहिले पनि नियमित खेल्न र अभ्यास गर्न आउने कमै छन् ।’

धेरैको मनमा गल्फ खलेर भविष्य बन्दैन भन्ने छ । नेपालमा यो खेलको पूर्वाधार पनि छैन । महङ्गो खेल हो। त्यसैले गल्फ सबैले सहजै चाहेर पनि खेल्न सकिँदैन भन्ने आम धारणा छ । प्रतिमा यो परम्परागत धारणामा परिवर्तन ल्याउन चाहन्छिन् । ‘पढाइ सकेर नेपाल फर्कन्छु, नयाँ खेलाडी उत्पादनतर्फ जोड दिन्छु’, उनले भविष्यको योजना सुनाइन् । गल्फप्रतिको आम धारणालाई परिवर्तन गर्नका लागि अभियान नै चलाउने उनको इच्छा छ। ‘मेरो ध्यान त्यसमै केन्द्रित छ, नेपालमा पनि गल्फको सम्भावना छ’, प्रतिमाले निकै आशावादी हुँदै भनिन्। गल्फको पूर्वाधार विकासका लागि सरकारी तथा निजी क्षेत्रबाट हुन नसकेको दुखेसो पोखिन् । ‘म जस्तो सामान्य आयस्तर भएको परिवारकाले त गल्फ खेलाडी बन्न सके, अरुले नसक्ने भन्ने कुरै हुन्न’, उनी भन्छिन्, ‘आर्थिक अवस्था मात्र सबैथोक होइन, इच्छाशक्तिमा भर पर्छ।’ दाउरालाई गल्फ स्टिक मानेर गल्फ खेल्न शुरु गरेकी प्रतिमाले हिमाल आरोहण र पथप्रदर्शकका विश्वभर चिनिएका शेर्पा परिवारमा गल्फ खेलाडी बनेर सबैलाई आश्चर्यचकित पारिन् ।

प्रतिमाका बुबा आमाले गल्फ राम्रोसँग बुझेका छन् । त्यसैले उनीहरुले प्रतिमालाई गल्फ खेल्न प्ररित गरे । ‘बा आमाको साथ पाएकी छु, दुवै जनाबाट गल्फ खेल्न प्रेरणा मिल्यो’, उनले भनिन्, ‘जुनसुकै क्षेत्रमा पनि अघि बढ्न घर परिवारको साथ चाहिन्छ ।’ काठमाडौँको खुशीबुँस्थित प्राइम कलेजबाट १२ कक्षा उत्तीर्ण गरेपछि उनी अध्ययन र प्रशिक्षण्का लागि अमेरिकातर्फ हान्निएकी हुन् । खेलका माध्यमले सर्वत्र चिनिन्छ भन्ने उनको बाबुआमाको धारणा थियो । यसलाई प्रतिमाले सत्य सावित गरिदिएकी छिन्। नौ वर्षयता उनले झण्डै ६० प्रतियोगिता खेलेकी छिन् । करिब ३५ प्रतियोगितामा प्रथम भएको उनी बताउँछिन् ।

उनी अमेरिकामा कलेजको टोलीबाट गल्फ खेल्छिन्। कलेजमा सधैँ अभ्यास हुन्छ। अहिले कोरोनाका त्रासले कलेज बन्द छ। प्रतियोगिता निरन्तर भइरहने भएकाले उनको खेलको स्तर बढ्दै गएको छ । अहिले कोरोनाका कारण अभ्यास गर्न नपाएकामा छटपटी भइरहेको उनले सुनाइन् । ‘चाँडै कोरोना सङ्क्रमण हट्ने छ र अभ्यास गर्ने वातावरण बन्छ होला’, प्रतिमा भन्छिन्, ‘नेपालमा पढ्दा विद्यालय र कलेजमा गल्फ खेल्ने साथी पाउन सकेकी थिइनँ, यहाँ त्यो सब छ ।’ प्राइम कलेजमा पढ्दा गल्फ खेल्न पर्याप्त समय नपाएको उनले सम्झिन । ‘सायद म एक्लो गल्फर भएर होला त्यसो भएको’, उनले चित्त बुझाइन्। रोयल नेपाल गल्फ क्लबको सहयोगमा उनले गल्फको यात्रा थालेकी हुन्। उनी घरेलु गल्फ कोर्षमा सवाधिक उपाधि जित्ने महिला गल्फर हुन्। त्यसैले उनलाई गल्फ क्लबले नेपालको नम्बर वान नेपाली महिला गल्फरको उपाधि दिएको हो। उनले यसको श्रेय रोयल नेपाल गल्फ सङ्घका अध्यक्ष टासी घले तथा बाबुआमालाई दिएकी छिन् । उनले अमेरिकामा छँदा विश्व चर्चित गल्फ स्टार टाइगर उड्सलाई समेत भेटिसकेकी छिन्।

छोरीको प्रगतिबारे आमा कल्पनालाई त्यति धेरै थाहा छैन । तर जे-जति प्रतिमाको साथीबाट सुनेकी छिन् त्यसमा उनको एक मात्र सन्तानप्रति गर्व छ। ‘तपाईंको छोरीले राम्रो गरिन्, नाम कमाइन्’, बिहीबार साँझ काठमाडौँमा रहेका प्रतिमाका साथीहरुले फोनमा सुनाएको खबरबारे प्रतिक्रिया जनाउँदै आमा कल्पनाले भनिन् । फोर्ब्सको सूचीबारे भने उनलाई कत्ति पनि थाहा छैन। ‘एक हप्तादेखि इन्टरनेट चलाउन पाएका छैनौं, खबर के हो थाहा छैन’, रासससित फोनमा कुरा गर्दै कल्पनाले भनिन्। गल्फ खेलमा राम्रो गरेकै कारण छोरीले नाम कमाएको भन्ने कुरा मात्र उनले बुझेकी छिन् ।

गौचरनस्थित गल्फ मैदानमा काम गरेको २२ वर्षपछि उनले जागिरबाट अवकाश पाएकी छिन्। उनले अहिले पनि त्यो मैदानमा पानी हाल्ने, घाँस काट्ने तथा मैदान चुस्तदुरुस्त पार्ने काम गर्दै आएकी छिन्। प्रतिमाका बुबा पासाङ पनि त्यही खेलमैदानका सुरक्षागार्ड हुन्। बाबुआमा नै गल्फमै समर्पित भएका कारण प्रतिमालाई यो खेलमा लाग्न सहज भएको हो। उनले त्यही भएर खेल्ने वातावरण पनि पाइन्। आमा कल्पनाले जस्तै बुबा पासाङले पनि गल्फमा छोरीले राम्रो गरिन् भन्ने मात्र थाहा छ। ‘के-कसरी नाम कमाइन् भन्ने थाहा छैन, जे गरेको भए पनि खुशी छौँ’, उनले खुशी प्रकट गर्दै भने। कोरोनाको त्रासले गल्फ खेल्न तथा अभ्यास गर्न कोही नआएकामा शेर्पा दम्पतीको मन खिन्न भएको छ । ‘सुनसान छ, कोरोनाको त्रासपछि यहाँ अचेल यहाँ चराको आवाज पनि सुनिन्न’, उनले भने । लकडाउन अघि ५०/६० जना नियमतरूपमा अभ्यास गर्न आउने गरेका शेर्पाले सुनाए । उनीहरुको मनमा छोरी प्रतिमाको जति माया छ त्यत्तिकै त्रास कोरोना भाइरसको पनि छ। ‘यस्तै त कतिसम्म रहला र गल्फ मैदानभित्र चाँडै पहिलाकै जस्तै चहलपहल भइहाल्ला’, उनीहरुले आशावादी हुँदै भने । प्रतिमाको प्रगति उसकै मुखबाट सुन्ने प्रतिक्षमा शेर्पा दम्पती छन्। उनीहरु अमेरिकाबाट छोरी चाँडै फर्कने प्रतिक्षा गर्दै विमानस्थलको बाटो हेरी बसेका छन्।

# भारतका दुई अस्पताललाई कोरोना अस्पताल बनाइयो



**नयाँदिल्ली, एजेन्सी-** भारतमा दिन प्रतिदिन कोभिड १९ का संक्रमितहरु थपिएका छन्। नयाँ दिल्लीमा यसको संख्या अन्यत्रको भन्दा धेरै भएको पनि बताइएको छ।

जसका कारण भारतको नयाँ दिल्लीस्थित दुई ओटा अस्पताल लोकनायक जयप्रकाश र जिबी पन्त अस्पताललाई कोरोना भााइरसको उपचार गर्ने डेडिकेटेड अस्पतालका रुपमा स्थापना गरिएको छ।

आगामी सोमबारदेखि ती अस्पतालमा कोरोनाका विरामीको मात्र उपाचार गर्ने गरी यो व्यवस्था गरिएको समाचारमा जनाइएको छ।

अरु अस्पतालमा विरामी लैजाँदा उनीहरुबाट अन्य विरामीहरुलाई पनि सर्ने भएकोले कोरोना भाइरसका मात्र विरामीको उपचार गर्नेगरी ती अस्ताल स्थापना गर्न लागिएको बताइएको हो । यी दुई अस्पतालमा एकै पटक २ हजार जनाको उपाचार गर्न मिल्नेगरी पूर्वाधार बनाइएको छ। साथै उक्त एलएनजेपी अस्पताललाई कोभिड १९ व्यवस्थापन केन्द्रका रुपमा पनि विकास गरिने सरकारले जनाएको छ।

उक्त अस्पतालका निर्देशक डा.जेशी पसाइले मेडिकल सामग्रीहरुको आपूर्ति र अरु व्यवस्थापकीय काममा कुनै पनि ढिलाई नगरी उपचारका कामलाई अघि बढाइने बताए।

उनले यी दुई अस्पताललाई नै डेडिकेटेड अस्पतालका रुपमा विकास गरिएकोले अब उपचार र कोभिड १९ सम्बन्धी अन्य व्यवस्थापनका लागि पनि सजिलो पर्ने बताए।

हाल सो अस्पतालमा २९० जना विरामी रहेकामा कोरोना भाइरसका मात्र ११० जना विरामी उपचाररत रहेका छन्।

त्यसैगरी निर्देशक पसाईले अरु पनि करिब २०० विरामीको स्याम्पल जाँचका लागि अन्यत्रै पठाइएकोमा उनीहरुको रिपोर्ट आउन बाँकी रहेको जानकारी दिए।

उनले अब सोमबारदेखि कोभिडका स्वाबहरुको पनि यही अस्पतालमा नै परीक्षण गरिने बताए । भारतमा पछिल्लो समयमा कोरोना भाइरसका विरामी बढ्दै गएको बताइएको छ। भारतमा करिब २ हजार ९०० जना संक्रमित भेटिएका छन्।

पछिल्लो २४ घन्टामा मात्र भारतमा ३५५ जना नयाँ संक्रमित आएका पनि भारत सरकारले जनाएको छ । हाल भारतभर लकडाउनको नीति लिइएको छ।

# कोरोनाका कारण मृत्यु हुनेको स्मृतिमा चीनमा मौनधारण



**बेइजिङ, एजेन्सी-** चीनमा कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको सम्झनामा शनिवार मौनधारण गरिएको छ।

स्थानीय समयानुसार बिहान १० बजेदेखि ३ मिनेटसम्म मौनधारण गरिएको थियो । मौनधारण कार्यक्रममा राष्ट्रपति सि जिनफिङलगायतका विशिष्ट व्यक्तिहरु पनि सहभागीता रहेको थियो।

मौनधारणमा सहभागीहरुले मृतकको सम्मान र सम्झना गरेको अधिकारीहरुले जनाएका छन । मौनधारणका बेला सबै सवारी साधनहरु जहाँको तहिँ रोकिएका थिए भने, राष्ट्रिय झण्डा झुकाइएको थियो।

मौनधारण कार्यक्रम चीन बाहिर रहेका कुटनितिक निकायहरुमा समेत गरिएको थियो । यस कार्यक्रममा करौडौ व्यक्ति सहभागी रहेको समाचारमा जनाइएको छ।

गत डिसेम्बर महिनाको अन्त्यबाट चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरसको सङ्क्रमणबाट चीनमा ३ हजार ३२६ व्यक्तिको मृत्यु भईसकेको छ। यस भाइरसको कारण अझै पनि ८१ हजार भन्दा बढी व्यक्ति अझै पनि सङ्क्रमित रहेका छन्।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनमा १४ जना स्वास्थ्यकर्मीले पनि ज्यान गुमाएका छन् । श्वासप्रश्वास सम्बन्धी समस्या निम्त्याउने नौलो संक्रमण फैलिएको पत्ता लगाउने चिकिसक लि वेन्लियाङको पनि सोही संक्रमणका कारण मृत्यु भएको थियो।

चीनमा दिवङ्गत मान्छेको सम्झना गरिने चिन्मिङ पर्वको अवसर पारेर सरकारले मौनधारण कार्यक्रम तय गरेको बताइएको छ।

# भारतमा कोरोनाबाट मृत्यु हुनेको संख्या ६८ पुग्यो

**नयाँ दिल्ली, एजेन्सी-**भारतमा कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु हुनेको संख्या शनिबारसम्म ६८ पुगेको छ । अघिल्लो दिनसम्म ५६ रहेकोमा एकैदिनमा १२ जनाको मृत्यु भएर कुल मृतकको संख्यामा बृद्धि भएको हो।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कुल संक्रमितको संख्या भने बढेर दुई हजार ९०२ पुगेको जनाएको छ। सङ्क्रमितको सङ्ख्यामा पनि पछिल्लो २४ घण्टामा ६ सय भन्दा बढी बृद्धि भएको मन्त्रालयको तथ्याङ्कले देखाएको छ।

मन्त्रालयका अधिकारीहरुका अनुसार अहिले सङ्क्रमित अवस्थामै रहेकाहरूको सङ्ख्या भने दुई हजार ६५० रहेको छ। पछिल्लो समयमा मृत्यु भएकामध्ये तीन जना महाराष्ट्र राज्यका, दुई जना दिल्ली र एक जना गुजरात राज्यका रहेका छन्।

अहिलेसम्मको विवरणबाट सवैभन्दा धेरै मृत्यु हुनेको सङ्ख्या महाराष्ट्रमा रहेको देखिएको छ । महाराष्ट्रमा अहिलेसम्म १९ जनाको मृत्यु भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। त्यसपछि धेरै गुजरातमा नौ जनाको मृत्यु भएको छ भने तेलङ्गनामा सात जनाको मृत्यु भएको विवरण छ।

त्यसैगरी मध्य प्रदेश र दिल्ली प्रदेशमा छ/छ जना, पन्जावमा पाँच, कर्नाटक र पश्चिम बङ्गालमा तीन/तीन जना र जम्मु तथा काश्मिर, उत्तर प्रदेश र केरलामा दुई/दुई जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार आन्द्र प्रदेश, तमिलनाडु, बिहार र हिमाञ्चल प्रदेशमा कोरोना भाइरसका कारण एक/एक जनाको मृत्यु भएको छ। कुल सङ्क्रमित दुई हजार ९०२ जना मध्ये ५५ जना विदेशी रहेका छन्। सङ्क्रमितको सङ्ख्या पनि सबैभन्दा धेरै महाराष्ट्रमै देखिएको छ। मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार महाराष्ट्रमा ४२३ जना सङ्क्रमित भएका छन्।

दोस्रो धेरै सङ्क्रमित तमिलनाडुमा रहेका छन्, जहाँ ४११ जना सङ्क्रमित भेटिएका छन् । त्यसैगरी दिल्लीमा ३८६ जना, केरलामा २९५ जना, राजस्थानमा १७९ जना र उत्तर प्रदेशमा १७४ जना सङ्क्रमित भेटिएका छन्। अन्य प्रदेशमा पनि सङ्क्रमितहरु रहेका भएपनि अहिलेसम्म त्यहाँको सङ्क्रमित सङ्ख्या न्यून रहेको छ।

# उमेरहद अब २४ वर्ष




**काठमाडौं, एजेन्सी-** टोकियो ओलम्पिक अन्तर्गत पुरुष फुटबल तर्फको उमेर हद २४ वर्ष तोकिने भएको छ।

यसैवर्ष जुलाईमा हुनु पर्ने ओलम्पिक एक वर्ष पछि सारिएसँगै सहभागी खेलाडीको उमेर हद पनि एक वर्ष बढाइएको हो। ओलम्पिक फुटबल तर्फ २३ वर्ष मुनिका खेलाडीलेमात्र सहभागिता जनाउन पाउँछन्।

जसमा बढीमा तीन जना खेलाडी २३ वर्षमाथिका राख्न पाउने प्रावधान छ। तर, ओलम्पिक खेलकुद एक वर्ष पछि धकेलिएसँगै यो नियममा पनि परिमार्जन गरिने भएको छ। यसको विषयमा टोकियो ओलम्पिक आयोजक कमिटीले उमेर हद बढाउन अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा सिफारिस गरि सकेको छ।

१९९७ जनवरी एकपछि जन्मिएका खेलाडीले ओलम्पिक अन्तर्गत पुरुष फुटबल तर्फ सहभागिता जनाउन पाउनेछन् । महिला फुटबलतर्फमा भने उमेरहद कायम छैन । यसैबीच फिफाले आउँदो जुनमा तय भएका पुरुष र महिलाका अन्तर्राष्ट्रिय म्याचहरु रद्द गर्न पत्राचार गरेको छ। यो सँगै भारतमा हुने यु १७ महिला विश्वकप र पानामा हुने भनिएको यु २० महिला विश्वकप फुटबल पनि स्थगित भएको छ।

# कोटिन्होको मूल्य ७० मिलियन पाउण्ड

**काठमाडौं, एजेन्सी-** आर्सनल र चेल्सीले टार्गेट गरेका ब्राजिलियन खेलाडी फिलिप कोउन्टिन्हो ७० मिलियन पाउण्ड यो समर विन्डोमा अपलब्ध हुने भएका छन्।

एक सय ४२ मिलियन पाउण्डमा लिभरपुलबाट अनुबन्ध गरेको बार्सिलोनाले उनलाई लोनमा बार्यन पठाएको थियो । तर अब उनले कोउन्टिन्होलाई विक्रि गर्ने भन्दै ७० मिलियन पाउण्ड मुल्य राखेको बताइएको छ। ठूलो अपेक्षाका साथ क्याम्प नोउ गएका कोउन्टिन्होले टिममा राम्रो गर्न सकेनन् । बार्यनमा भने उनले आफुलाई सेट गरेका थिए । तर अब बार्सिलोनाले उनलाई विक्रि गर्ने भनेपछि चेल्सी र आर्सनल उनलाई भित्र्याउने प्रयास शुरु गरेका छन्। यसका साथै टोटनह्याम पनि इच्छुक रहेको बताइएको छ।




यस्तै, नर्थ लण्डन क्लव टोटनह्यामले आर्सनलका पूर्व स्ट्राइकर ओलिभर जिरुडलाई अनुबन्ध गर्ने इच्छा देखाएको युरोपियन मिडियाले बताएका छन्।

फ्रेन्च खेलाडी जिरुडलाई जनवरी विन्डोमा अनुबन्ध गर्न खोजे पनि त्यो बेला सफल नभएको बताइएको छ । ३३ बर्षे जिरुडमा टोटनह्यामले आफूविरुद्ध चेल्सीका लागि गोल गरेसँगै आँखा लगाएको टिमटकले बताएको छ।

टोटनह्यामले जिरुडलाई बहुबर्षिय सम्झौताका लागि अप्रोच गर्ने बताएको छ। जिरुडले आर्सनलबाट २०१२ देखि २०१८ सम्म खेल्दा दुई सय ५३ खेल खेलेका थिए। जसमा उनले एक सय पाँच गोल गरेका थिए । हाल चेल्सीमा रहेका जिरुडले खासै राम्रो प्रभाव जमाउन सकेका छैनन्।

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

**समुह बाहिर काठ बिक्री सम्बन्धि सूचना**

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाट्गद्दीमा संकलन गरिएको साल जातको गोलिया थान १५ को २०३.०५ क्युफिट अन्य जातको गोलिया थान ७२ को ५३३.०४ क्युफिट ०७६र०७७को लागी बाहिर बिक्रीवितरण गर्नु पर्ने भएकोले काठ जे जो अबस्थामा छ सोहि अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्रि समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।इच्छुक ब्यात्ती सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पुर्ण ब्याहोराको लागी यस समुहको सूचना पार्टीमा टास गरिएको छ।

**श्री सगम सामुदायिक बन उपभोक्ता समुह**
उदयपुरगढी ६

## लकडाउनको असर

# समस्यामा कृषि उद्यम

**मध्याह्न संवाददाता**
काठमाडौं, २२ चैत

कोरोना भाइरस (कोभिड -१९ )को सम्भावित जोखिम हुन नदिन 'लकडाउन' भएपछि यतिबेला किसानहरु समस्यामा परेका छन् । लकडाउन पछि उत्पादित तरकारी बजारसम्म पनि पुर्याउन नपाए पछि किसानहरु समस्यामा परेका हुन् । बाहिरका किसानहरु त समस्यामा परेका छन् नै काठमाडौं उपत्यकाका किसानहरु समेत यतिबेला समस्इामा छन् ।



खेतमा उत्पादन भए पनि बजारसम्म पुर्याउन नपाएका कारण बारिमै तरकारी कुहिने अवस्था रहेको ललितपुर चापागाउँकी मनमाया सिलवाल बताउछिन् । उनले सरकारले यस्तो बेलामा ध्यान नदिने हो भने किसानहरुले लगाएको खर्च समेत उठाउन नसक्ने उनले बताइन् । लतलिपुरमै खेति गरिरहेकी नरमाया श्रेक्ष्ठ पनि खेतमा तरकारी कुहिनै लाग्दा पनि बजारसम्म पुर्याउन समस्या रहेको सुनाउछिन् । उनले लकडाउनका कारण कालिमाटीबाट आउने व्यापारीहरु तरकारी किन्न पनि नआएको सुनाईन् ।

अर्का किसान रमेश महतराको गुनासो पनि उस्तै छ । लकडाउन पछि तरकारी खेति डुब्ने पक्का भएको उनले सुनाए । यस्तो बेला सरकारले केहि सहुलियतको प्याकेज ल्याउनु पर्ने उनको माग छ । करिब तीन रोपनी जमिनमा उत्पादन गरेको तरकारीले बजार नपाउँदा त्यसै खेर जाने अवस्था रहेको उनले बताए । 'सस्तो मूल्यमा बेच्दा समेत उत्पादन अनुसारको तरकारी खपत हुन सकेको छैन, महतराले भने । बजार र उचित मूल्य नपाउँदा तरकारीखेती नै त्याग्नुपर्ने अवस्था आएको उनले बताए ।

सिलवाल, श्रेष्ठ र महतरा त केवल प्रतिनिधिपात्र मात्रै हुन् । अहिले सबै किसानहरुको समस्या यस्तै छ । तरकारी खेति गर्ने किसानहरुमात्रै होइनन् । यतिबेला व्यवसायिक कुखुरा पालन गर्नेहरु पनि समस्यामा छन् । खासगरी पोल्ट्री व्यवसाय समस्यामा परेको छ । अण्डा तथा ब्रोइलर कुखुराको मासु बिक्री हुन छाडेपछि ती क्षेत्रका व्यवसायी मारमा परेका हुन् । 'लकडाउन'का कारण हाल जिल्लाका ९/१० जना अण्डा उत्पादक व्यवसायी र ४० भन्दा बढी ब्रोइलर कुखुरा व्यवसायीले उत्पादन गरेको मासु तथा अण्डाको किनमेल ठप्प भएको पोल्ट्री व्यवसायी सङ्घका अध्यक्ष सुवास जोशीले जानकारी दिए । 'दैनिक २० क्यारेट अण्डा र ३०० केजी मासु बिक्री हुने गर्थ्यो', उनले भने, 'दिक्तेल बजारमा हाल अण्डा तथा मासु बिक्री वितरण ठप्प भएको छ ।'

करीब १२ हजार वटा तयारी खुकुरा खोरमै राखिएको व्यवसायीहरुले बताएका छन् । अवधि पुगेको र मासुका लागि तयारी भइसकेको कुखुराले दाना मात्र खर्च गरिरहेको त्रिशक्ती पोल्ट्री फर्मका सञ्चालकसमेत रहनुभएका सङ्घका अध्यक्ष जोशीले बताए । सीमित अवधिभित्र उपयोग गरिसक्नुपर्ने अण्डा तथा मासुलाई लामो समयसम्म मौज्दातमा राख्दा खेर फाल्नुपर्ने अवस्था आउने सङ्घका अध्यक्ष जोशीले बताए । 'सीमित अवधि भएका अण्डा खेर जाने अवस्था भएपछि कतिपय व्यवसायीले सस्तो मुल्यमा र कतिपयले आफन्त तथा छिमेकीलाई सित्तैमा दिने गरेका छन्, उनले भने, 'लकडाउन हाम्रो जीवनकै सवालमा छ, हाम्रो लागि हो । तर व्यवसायिक हिसाबले पोल्ट्री व्यवसायीलाई एकदमै तनाब बनाएको छ ।'

# एनआरएनएको मध्यपूर्व उद्धार समिति गठन

काठमाडौं, मस-मध्य पूर्वमा रहेका नेपाली श्रमिकहरुमा कोरोना भाइरसबाट पर्न सक्ने सम्भावित जोखिम न्युनिकरणका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए)ले पहल गर्ने भएको छ ।

संघको मध्यपूर्व समितिले प्रविण गुरुङ (कतार) को संयोजकत्वमा क्षेत्रीय उद्धार समिति समेत गठन गरेको छ । समितिमा उपसंयोजक मनोज कुमार श्रेष्ठ गोर्खाली (युएई) र प्रवक्तामा राजेन्द्र अर्याल जोन (साउदी अरब) रहेका छन् ।

यसैगरी सदस्यहरुमा राज रेग्मी (कतार), सुमित्रा पौडेल (कुवेत), यसमिन बेगम सैयद (साउदी अरब), रमेश भट्ट (कतार), नारायण पासवान (साउदी अरब), ठाकुर प्रसाद ढुंगाना (युएई), अमित राई (कुवेत) अजय यादव (ओमान), लालप्रसाद पुन (बहराइन), नविन पौडेल (युएई), राजु केसी (युएई), नेब प्रसाद शर्मा (युएई), होमनाथ शर्मा (कतार), युथराज शर्मा (कतार), केबी हमाल (कतार), मोहम्मद मुक्तदा मुसलमान (कतार), प्रकाश कोइराला (युएई), तेज थापा (साउदी अरब), सुजन केसी (कुवेत), लक्ष्मी गिरि (बहराइन), सेवन्त पुर्जा पुन (ओमान) रहेका छन् ।

यसैगरी उक्त उद्धार समितिको सल्लाहकारमा टिवी कार्की (कतार), आरके शर्मा (कतार), डिबी क्षत्री (ओमान), राजु सैयद (साउदी अरब), नरेन्द्र भाट (कतार), महेन्द्र चम्लागाईं (कतार) कमलमणि गुरागाईं (कतार), विमल सुवेदी (कतार), गोपाल कँडेल (युएई), धर्मराज गिरी (ओमान), विल गुरुङ - कतार), विनोद भट्टराई (कतार), सनी ओली (कतार), सुरज मास्के (कुवेत), रमेश भण्डारी (साउदी अरब), कृष्णप्रसाद भट्टराई (युएई), मोहन शर्मा (युएई) छन् ।

त्यस्तै उक्त समितिको मिडिया विभाग पनि गठन गरिएको छ । मिडिया विभागको संयोजकमा मेघराज सापकोटा (युएई) रहेका छन् । यो समितिको सदस्यहरुमा शुक्र मुक्तान (साउदी अरब) सुभास शर्मा (युएई), दीपजंग साहा (कतार), अमर श्रेष्ठ (बहराइन), माधव शाही (कुवेत) पूर्ण विक पहाडी (ओमान) छन् ।

गैर आवासीय नेपाली संघ

# कोरोना रोकथामका लागि मेगा बैंकको सहयोग



MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

The Banker Bank of the Year 2019 NEPAL

काठमाडौं/मस- मेगा बैंक नेपाल लिमिटेडले कोरोना भाइरस रोकथामका लागि गण्डकी र सुदूरपश्चिम प्रदेशलाई सहयोग रकम हस्तान्तरण गरेको छ । मेगा बैंक सञ्चालक समितिले गरेको निर्णय अनुसार, गण्डकी र सुदूरपश्चिम प्रदेशमा शुक्रबार ५२५ लाख रुपैंयाको चेक हस्तान्तरण गरिएको हो ।

मेगा बैंक गण्डकी प्रदेश प्रमुख कमल कँडेलले गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरे । यसैगरी, मेगा बैंक सुदूरपश्चिम प्रदेशका प्रमुख सागर ओभ्काले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरे ।

मेगा बैंक सञ्चालक समितिले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि केन्द्रीय सरकारले स्थापना गरेको कोषमा १ करोड रुपैयाँ र सातै वटै प्रदेशले स्थापना गरेको कोषमा ५२५ लाख गरी जम्मा १ करोड ३५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो । अन्य प्रदेशहरुमा पनि क्रमशः रकम हस्तान्तरण गरिने मेगा बैंकले जनाएको छ । मेगा बैंकका सिइओ अनुपमा खुञ्जेलीका अनुसार, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मेगा बैंकले गरेको यो सहयोगमा सञ्चालक समितिका सदस्यदेखि मेगा बैंकका १२ सय भन्दा बढी कर्मचारीहरुले पनि व्यक्तिगत योगदान गरेका छन् । यसैगरी बैंकले कोरोना भाइरस रोकथामका लागि प्रदेश नम्बर १ र २ लाई सहयोग रकम हस्तान्तरण गरेको छ । मेगा बैंकले सामाजिक संस्थागत उत्तरदायित्व अन्तरगत प्रदेश नम्बर १ र प्रदेश नम्बर २ लाई ५२५ लाख रुपैंयाको चेक हस्तान्तरण गरेको हो । मेगा बैंक प्रदेश नम्बर १ का प्रमुख विवेकबन्धु न्यौपानेले प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईलाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरे ।

यसैगरी, मेगा बैंक जनकपुर शाखाका प्रबन्धक गलेक यादवले प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतलाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरे । मेगा बैंक सञ्चालक समितिको निर्णय अनुसार, कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग रकम हस्तान्तरण गरिएको हो । मेगा बैंकले केन्द्रीय सरकारले स्थापना गरेको कोषमा १ करोड रुपैयाँ र सातै वटै प्रदेशले स्थापना गरेको कोषमा ५-५ लाख गरी जम्मा १ करोड ३५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो ।

# एनआईसी एशियाको प्राथमिकतामा डिजिटल बैंकिङ

काठमाडौं/मस- एनआईसी एशिया बैंक लिमिटेडले बैंकमा अनलाईन खाता खोलि पहिलो मोबाइल बैंकिङ्ग कारोबार गर्दा ५००सम्म रकम फिर्ता दिने बताएको छ । एन आई सी एशिया बैंकको आधिकारीक वेवसाइटमा गई ग्राहकहरुले १० मिनेट भित्रै सजिलै निःशुल्क अनलाइन खाता खोल्न सक्नेछन् । खाता खोलिसकेपछि पाउने खाता नम्बरको आधारमा ग्राहकहरुले बैंकमा रहेको रकम स्थानान्तरण तथा अन्तर बैंक रकम स्थानान्तरणलगायतका विभिन्न कारोबार गर्न सक्नेछन् । अनलाइन खोलिएको खातामा बैंकले २१ लाख रुपैयाँसम्मको बिमा सुविधा उपलब्ध गराएको छ । जसले गर्दा ग्राहकहरुलाई वार्षिक १४ हजार फाइदा हुनेछ ।

अनलाईन खाताकै आधारमा घरबाटै मोबाईल बैंकिङ्ग सुचारु गरी खाताको रकम मौज्दात जाँच गर्न समेत सकिने सुविधा रहेको छ । मोबाइल बैंकिङ्ग एक्टिभेट गरी मोबाइल बैंकिङ्ग मार्फत पहिलो कारोबार गर्ने जुनसुकै ग्राहकले ५०० सम्म रकम फिर्ता पाउन सक्नेछन् । यसबाहेक देशभरका २५०० भन्दा धेरै पसल, रेष्टुरेन्ट, शपिङ मल, अस्पताल तथा होटलहरुमा मोबाइल बैंकिङ्ग तथा डेबिट वा क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा ३० प्रतिशतसम्मको छुट सुविधा उपलब्ध छ ।

**उत्पादकमा अनुरोधः**

१. आफूले उत्पादन गर्ने वस्तुको उपर्युक्त प्याकिङ गरौं ।

२. उत्पादनको प्याकिङमा वस्तुको उत्पादनको नाम, उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, प्रयोग भएका Ingredients, तौल, अधिकतम खुद्रा मूल्य प्रष्टरूपमा देखिने गरी लेबलिङ गरौं ।

३. कुनै विक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र विक्री गर्न नसकेका उत्पादनहरू फिर्ता लिई नयाँ उत्पादनले प्रतिस्थापन गर्ने पद्धति बसालौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सनराइज बैंकको सहयोग

काठमाडौं/मस- सनराइज बैंकले स्वास्थ्यकर्मीहरुले निभाएको भुमिका सराहनीय रहेको बताएको छ । उक्त भूमिकाको प्रशंसा गर्दै बैंकले स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि पीपीई लगायतका स्वास्थ्य सामग्रीहरु सहयोग गर्दै आएको छ ।

बैंकले (कोभिड-१९) जोखिमको न्यूनिकरणको लागि सातै प्रदेशमा सुरक्षाका विभिन्न सामाग्रीहरु वितरण गर्ने आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत कर्णाली प्रदेशको रुकुमको मुसिकोट नगरपालिकामा सहयोग सामग्री वितरण गरेको छ । सो सहयोग सामग्री शनिबार बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले संघीय सांसद् जनार्दन शर्मा प्रभाकरलाई हस्तान्तरण गरेका हुन् ।

उक्त सहयोग सामाग्रीमा १० थान पीपीई, एक हजार थान मास्क, सेनिटाइजर, पञ्जा लगायत रहेका छन् । हालसम्म बैंकले विभिन्न अस्पतालमा ३ सय भन्दा बढी पीपीई उपलब्ध गराइसकेको छ । साथै अन्य प्रदेशहरुमा समेत स्वास्थ्य सामग्री उपलब्ध गराउने कार्यक्रम रहेको बैंकले जनाएको छ ।

**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्याह्न Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

मध्याह्न राष्ट्रिय दैनिकको
अनलाइन संस्करण : तीब्र गतिका साथ नयाँ साज-सज्जामा
www.madhyanhadaily.com

मध्याह्न राष्ट्रिय दैनिकको
facebook Page
Madhyanha News

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**